नेपालको पहिलो बैंक

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय
सामान्य सेवा विभाग

## सिलबन्दी बोलपत्र पुनः आह्वानको सूचना नं. NBL/NCB21/G078/79

(सूचना प्रकाशित मिति २०७९/०३/२३)

१. होर्डिङ्गबोर्ड सम्बन्धी व्यवसाय गर्ने सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरुबाट देशका विभिन्न २३ स्थानहरुमा एक बर्ष अवधिको लागि होर्डिङ्गबोर्डमा विज्ञापन गर्न नेपाल बैंक लिमिटेड बोलपत्र आह्वान गर्दछ।

२. बोलपत्रसम्बन्धी कुनै कुरा बुझ्नु परेमा वा बोलपत्रसम्बन्धी कागजात हेर्नु परेमा यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभाग, धर्मपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ । साथै बैंकको वेवसाईट www.nepalbank.com.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.ppmo.gov.np मा पनि हेर्न सकिनेछ।

३. बोलपत्र सम्बन्धी कागजात e-GP System (www.bolpatra.gov.np/egp) बाट डाउनलोड गर्न सकिनेछ । बोलपत्र कागजात खरिद रकम बापत रु. ३,०००।- (अक्षरपी तीन हजार मात्र, पछि फिर्ता नहुने) निम्न बैंक खातामा जम्मा गर्नु पर्नेछ।

बैंक : **नेपाल बैंक लिमिटेड** शाखा : **काठमाडौं बैंकिङ्ग अफिस**

खाताको नाम : **बोलपत्र फाराम दस्तूर** खाता नं. : **००२००१०६७११२८३००००१**

४. इच्छुक बोलपत्रदाताहरुले ई-बिडिङ्गमार्फत होर्डिङ्गबोर्डमा बैंकको लागि आवश्यक विज्ञापन गर्न e-GP System (www.bolpatra.gov.np/egp) मार्फत मिति २०७९/०३/३० गते १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न सक्नेछन्।

५. दाखिला भएका बोलपत्रहरु मिति २०७९/०३/३० गते १२:३० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस विभागमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन। पूर्व निर्धारित मितिमा कुनै कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ।

६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

७. बोलपत्र दाखिलासम्बन्धी अन्य जानकारी बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।